**दर्शनमा वास्तविकताः**

प्रत्येक अगुवासँग दर्शन हुन्छ, र त्यो दर्शन स्वर्गबाट आउँछ।

अनि खम्बाहरू पाठ्यक्रममा महत्त्वपूर्ण विषय दर्शनलाई ताजा, रचनात्मक राख्नु र नयाँपना ल्याउनु हो। मैले एक जना साथीलाई भेटेँ, जो एक पास्टर हुन्, तिनलाई मैले नभेटेको पाँच वर्ष भएको थियो, हामीले एक अर्कालाई भेट्यौं र बातचित गर्‍यौं। अनि मैले थाहा पाएँ कि हाम्रो बातचित पाँच वर्ष अघि जस्तो थियो त्यस्तै भयो। तिनको जीवनमा केही पनि परिवर्तन भएको थिएन।

सबै कुरा त्यस्तै थिए। तिनको दर्शन त्यस्तै थियो। तिनको काम पनि त्यस्तै थियो। तिनको वरपरका सबै जना परिवर्तन भइरहेका थिए। टेक्नलजी परिवर्तन भइरहेको थियो। मानिसहरू परिवर्तन भइरहेका थिए।

तर तिनी परिवर्तन भएनन्।

महत्त्वपूर्ण कुरा यो छ र बाइबलले पनि हामीलाई शिक्षा दिन्छ, कि परमेश्वरले हाम्रो दर्शनको वरिपरि नयाँ वास्तविकताहरू हालिदिइरहनुभएको हुनुपर्छ। हाम्रो दर्शन प्रत्येक केही वर्षमा पूर्ण रूपमा परिवर्तन हुनेछ भन्ने होइन, तर त्यो दर्शनको अभिव्यक्ति र परमेश्वरले कसरी हामीलाई डोर्‍याउँदै र विकास गर्दै हुनुहुन्छ भन्ने कुरामा परिवर्तन हुनुपर्छ। हामीलाई आफ्नो नेतृत्व विकासको एक भागको रूपमा हाम्रो दर्शनमा एउटा नयाँ वास्तविकता चाहिन्छ। अनि जब हामीले नेतृत्वमा के गरिरहेका छौं भनी बुझ्दछौं, तब कुनै प्रकारले त्यो नयाँ वास्तविकता हामीलाई स्पष्ट देखाइन्छ। मर्कूस ४ अध्यायमा एउटा खण्ड, जहाँ येशूले एउटा उपमाद्वारा शिक्षा दिनुभएको छ, “कुनै एउटा मानिसले जमिनमा बीउ छर्छ, र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढछ, तर त्यो कसरी बढछ सो उसले जान्दैन। जमिन आफैले उमार्छ।” हाम्रो कामको बारेमा कुरा गर्नुहुँदा उहाँले एउटा किसानको उपमा प्रयोग गर्नुहुन्छ। अनि उहाँ भन्नुहुन्छ, “त्यो मानिसले जमिनमा बीउ छर्छ,” अनि गएर सुत्छ। ऊ फर्केर आउँदा उसले फल लागेको देख्छ, अनि त्यो कसरी भयो सो बुझ्न सक्दैन। मानौं, येशूले यसो भनिरहनुभएको छ, “सुन, सेवकाईमा तिमीहरूले काम गर्दा सुत्न सक्नुपर्छ र केही थाहा नपाउने हुनुपर्छ, तब परमेश्वरले काम गर्नुहुन्छ।” वास्तवमा उहाँले के सिकाइरहनुभएको छ भने सेवकाईमा तपाईंको पूर्ण नियन्त्रण हुँदैन।

तपाईं एक अगुवाको रूपमा परमेश्वरलाई पछ्याउने स्थानमा हुनुभयो भने परमेश्वरको तर्फबाट वृद्धि आउँछ। अनि त्यसमा तपाईं आफ्नो जीवनमा एउटा नयाँ वास्तविकताका निम्ति सधैं खुल्ला हुनुपर्छ। नयाँ करारमा पत्रुस र कर्नेलियसको एउटा घटना छ, जसले यो कुराको राम्रो उदाहरण

येशू स्वार्गारोहण हुनुभएपछि पत्रुस यरूशलेममा थिए, तिनले यहूदीहरूलाई लिएर मण्डली निर्माण गर्दैथिए। अनि केही घटनाहरू भएपछि पत्रुसलाई कर्नेलियसको घरतिर डोर्‍याइन्छ। कर्नेलियस परमेश्वरको भय मान्ने एक अन्यजाति थिए। यहूदीहरू कहिल्यै पनि अन्यजातिको घरमा जाँदैनथे।

तपाईं देख्नुहुन्छ, परमेश्वरले उहाँको सुसमाचार सबै जातिहरूकहाँ पुग्नेछ भन्ने वास्तविकता पत्रुसको हृदयमा राख्न चाहनुहुन्छ। यसैले पत्रुस कर्नेलियसको घरमा जान्छन् अनि कर्नेलियस र तिनको घरानाले उद्धार पाउँछ। त्यस बेला पत्रुसले एउटा चाखलाग्दो कुरा भन्छन्, किनकि कर्नेलियस यति आनन्दित बन्छन् कि तिनी कृतज्ञ बनेर पत्रुसको पाउमा पर्छन्। अनि प्रेरित १०:३४ मा त्यो घटना उल्लेख गरिएको छ। पत्रुस भन्न थाल्छन्:

“साँच्ची नै म देख्तछु, कि परमेश्वरले पक्षपात गर्नुहुन्न, तर हरेक जातिमा जो उहाँसँग डराउँछ र उचित काम गर्छ त्यो उहाँको सामुन्ने ग्रहणयोग्य हुन्छ।” पत्रुसले भन्छन्, “यो कुरा सत्य हो भनी मैले अब बुझें। पहिले मैले

यो बुझेको थिइनँ। मैले जानेकै थिइनँ। तर अब मसँग एउटा नयाँ वास्तविकता छ। यो कति सत्य छ भन्ने कुरा अब मैले बुझेको छु।" अनि पत्रुसका निम्ति यो सुसमाचार अन्यजातिहरूकहाँ पुगेको कुरा थियो। तपाईंचाहिँ के गर्दै हुनुहुन्छ?

त्यो रित्तो स्थान तपाईं कसरी भर्नुहुन्छ? पछिल्लो समय कहिले तपाईंले आफैलाई एक अगुवाको स्थानमा राखेकोले भोलि पल्ट बिहान उठेर यसो भन्नुभयो, "यो कति सत्य रहेछ भनी अब मैले बुझेँ। यो मलाई पहिले थाहा थिएन। मैले पहिले यो बुझेको थिइनँ, पहिले पटक्कै जानेको थिइनँ। तर अब मसँग यो नयाँ वास्तविकता छ।" परमेश्‍वरले तपाईंलाई एउटा नयाँ वास्तविकतामा, एउटा नयाँ आविष्कार डोर्‍याउन चाहनुहुन्छ, जसले तपाईंको दर्शनलाई र ख्रीष्टमा तपाईंको बोलावटलाई आकार दिन सहायता गर्दछ, अनि तपाईंले आफैलाई तीनवटा प्रश्‍न सोध्नुपर्छ।

पहिलो प्रश्‍न यो होः तपाईंले कुन गलत कुराहरू सोचिरहनुभएको छ? तपाईं जान्नुहुन्छ, हामी सधैं हाम्रो सबैभन्दा ठूलो बाधा हामीले नजानेका कुरा हो भनी सोच्छौं। तर सेवकाईमा तपाईंको सबैभन्दा ठूलो बाधा तपाईंले जानेको त्यो कुरा हो, जुन तपाईं सही हो भनी सोच्नुहुन्छ तर वास्तवमा गलत हुन्छ।

यो धर्मशास्त्र बाइबलभरि पाइन्छ, कुनै गलत विचारले तपाईंलाई रोक्दछ, किनकि तपाईंले त्यसलाई सही हो भनी सोच्नुभएको हुन्छ। शमूएलले परमेश्‍वर कस्तो किसिमका राजा चाहनुहुन्छ त्यो तिनलाई राम्ररी थाहा छ भनी सोचेका थिए। अनि परमेश्‍वर भन्नुहुन्छ, "होइन, शमूएल। तिम्रो विचार गलत छ। तिमी बाहिरको कुरा हेर्छौ। तर म भित्रको कुरा हेर्छु।"

चेलाहरूले येशूका निम्ति के हुनुपर्छ के हुनुपर्दैन भनी सही रूपले जानेका छौं भनी सोचेका थिए, यसैले तिनीहरूले बाल-बालिकाहरूलाई उहाँकहाँ आउनदेखि रोके। तिनीहरूले जे सही हो भनी सोचेका थिए त्यो गलत थियो।

येशूले तिनीहरूलाई सच्याउँदै भन्नुभयो, "होइन, होइन। बाल-बालिकाहरूलाई मकहाँ आउन देओ।" अनि धेरै पटक मण्डलीहरू र अगुवाहरूमा यस्ता विचारहरू हुन्छन् जुन सही हो भनी हामी सोच्छौं, तर वास्तवमा त्यो गलत हुन्छ। अनि त्यसले हामीलाई एउटा नयाँ वास्तविकताभित्र पस्नबाट रोक्दछ। पत्रुसले सोचे, सुसमाचार अन्यजातिहरूकहाँ पुग्नुपर्छ वा अन्यजातिहरू ख्रीष्टियन बन्नका निम्ति यहूदी बन्नुपर्छ। अनि कर्नेलियसको घरमा गएर तिनले एउटा नयाँ वास्तविकता थाहा पाउँछन्। तिनले जे सही हो भनी सोचेका थिए, त्यो गलत थियो। तपाईं अहिले सोचिरहनुभएको कुन कुरा सही हो भनी विश्‍वास गर्नुभएको छ, तर वास्तवमा त्यो गलत छ? तपाईं बुझ्नुहुन्छ, जब तपाईं एउटा नयाँ वास्तविकतामा प्रवेश गर्नुहुन्छ तब पहिलो काम तपाईंले आफैलाई परिवर्तन गर्नुपर्छ। अरूलाई परिवर्तन गर्नु होइन, तर तपाईं, तपाईंको मन र हृदयलाई परिवर्तन गर्नुपर्छ। त्यो पहिलो वास्तविकता हो जुन वास्तवमा परिवर्तन हुनुपर्छ।

हामी त्यहाँ समस्या छ भनेर परिवर्तन हुँदैनौं वा एउटा नयाँ वास्तविकतामा प्रवेश गर्दैनौं। यो समस्या समाधान गर्ने तरिका होइन।

यो भविष्यको स्थानका निम्ति एक प्रकारको वृद्धि हो। याद गर्नुहोस्, कर्नेलियसको अगि पत्रुस सेवकाई गर्ने धेरै राम्रो स्थानमा थिए। हजारौंलाई बचाइँदैछन्। आश्‍चर्यकर्महरू भइरहेका छन्। तिनी मण्डलीका प्रमुख हुन्। तिनीसँग कर्नेलियसले समाधान गर्नुपर्ने कुनै समस्या छैन। तैपनि, तिनी सेवकाईमा यति राम्रो स्थानमा भए पनि पत्रुसलाई एउटा नयाँ वास्तविकता चाहिन्छ भनी परमेश्‍वरले जान्नुहुन्थ्यो। सायद तपाईंले यो शिक्षा सुन्दै हुनुहुन्छ होला।

अनि तपाईं आफ्नो सेवकाईमा र नेतृत्वमा पत्रुसजस्तै धेरै राम्रो स्थानमा हुनुहुन्छ, तर तपाईंलाई एउटा नयाँ वास्तविकता चाहिन्छ भनी परमेश्‍वर जान्नुहुन्छ। अनि तपाईंले आफैलाई यो प्रश्‍न सोध्नुपर्छ, "के मेरा कुनै

विचारहरू छन्, मेरा कुनै धारणाहरू छन् जुन सही छ भनी म सोच्छु, तर वास्तवमा सम्भवतः कुनै पनि प्रकारले सही छैनन्?"

किनकि सेवकाईमा नेतृत्व गर्दा हामी आफ्नो सफलतामा सहज हुन्छौं।

अनि अचानक परमेश्वरको त्यही आशिषले हामीलाई एउटा नयाँ वास्तविकताभित्र पस्नबाट रोक्दछ। जब पत्रुस कर्नेलियसको घरमा गए त्यस बेला तिनले एउटा ठूलो जोखिम उठाइरहेका थिए। यरूशलेममा एउटा मण्डली निर्माण हुन लागेको थियो। हजारौं मानिसहरू त्यहाँ आइरहेका थिए। तिनीहरूले केही गति पक्रन थालेका थिए।

तर पत्रुसले त्यस्तो काम गर्छन् जुन यहूदी व्यवस्थाको विरुद्धमा छ। यहूदीहरूले कस्तो प्रतिक्रिया गर्नेछन्? प्रेरितको पुस्तकबाट हामी थाहा पाउँछौं, कि यस विषयमा धेरै विवाद भएको थियो। प्रेरित १५ अध्यायमा यसबारे ठूलो सभा भएको देखिन्छ। तर पत्रुस प्रभुको निर्देशन पालन गरेर आफूले सेवकाईमा निर्माण गरेका कुराहरूलाई जोखिममा पार्न र खतराको सामना गर्न तयार छन्। हामी त्यस्तै जोखिम उठाउन तयार हुनुपर्छ वा यो प्रश्न सोध्न इच्छुक हुनुपर्छ, "हे प्रभु, यदि त्यहाँ कुनै कुरा छ, जुन सही छ भनी म सोच्छु, अगि बढदैजाँदा त्यो वास्तवमा गलत निस्क्यो भने, के तपाईंले मलाई पत्रुसलाई जस्तै ठीक ठाउँमा राख्नुहुनेछ?"

के तपाईंले मलाई दिनुभएको सफलतामा ढुक्क नहुन, तर मलाई यो नयाँ वास्तविकता दिएर सहायता गर्नुहुन्छ?" तपाईंले सोध्नुपर्ने दोस्रो प्रश्न यहाँ छ। यो एउटा अनौठो प्रश्न जस्तो लाग्छ, तर यो बाइबलीय प्रश्न हो। कुन कुरा मर्नु आवश्यक छ? के मर्नु आवश्यक छ?

हेर्नुहोस्, ख्रीष्टबाट एउटा नयाँ वास्तविकता आउनका लागि पुरानो वास्तविकता मृत्यु आवश्यक छ। त्यो पुरानो वास्तविकता राम्रो, सही थियो भने पनि, पत्रुसले आफ्नो सोचमा परिवर्तन ल्याउनुपर्थ्यो जहाँ तिनले यसो भन्न सक्थे, "अब मैले अब बुझें, म अब बुझ्छु," जसको अर्थ विगतमा भएको कुनै चीज मर्नु आवश्यक थियो। किनकि कर्नेलियसको यस घटनामा परमेश्वर पत्रुसको धारणाको विपरीत बोल्नुहुन्छ।

पत्रुसले कहिल्यै पनि अन्यजातिको खाना खाँदैनथे। तैपनि तिनले यहूदीहरूले कहिल्यै नखाने जनावरहरूले भरिएका भेडाहरूको दर्शन देखे। अनि विशेष गरी परमेश्वर भन्नुहुन्छ, "पत्रुस, खाऊ। मैले तिम्रो लागि यो सम्भव बनाएको छु। मैले तिम्रो लागि सम्भव बनाएको कुनै पनि काम गर्न सक्दिनँ भनी नभन।"

पत्रुसको धारणा मर्नुपर्थ्यो। के मर्नु पर्छ? ठीक छ, तपाईं यसलाई नयाँ वास्तविकतातर्फ बढन सहायता गर्ने वर्गहरूको सम्बन्धमा हेर्न सक्नुहुन्छ। मर्नु पर्ने कुरा के हो भने हामीले सधैं यो यसरी गर्दैआएका छौं भन्ने धारणा मर्नुपर्छ। हामीले यसरी गर्दा सधैं काम गरेको छ भन्ने धारणा मर्नुपर्छ। कहिलेकहीँ त्यो मर्नुपर्छ। कार्यक्रम मर्नु पर्छ।

"सेवकाईमा नयाँ वास्तविकताहरू हुनका निम्ति, सफलताहरू, यहाँसम्म कि वर्तमान सफलताहरू पनि मर्नुपर्छ। यो स्पष्ट र छर्लङ्ग छ कि जब कुनै कुराले काम गरिरहेको हुँदैन, त्यो मर्नु पर्छ। तर धेरै पटक हामी केवल काम नगर्ने कुरालाई मात्र मार्दछौं।"

बाइबलले भन्छ, कि जबसम्म बीउ जमिनमा परेर मर्दैन, त्यो बीउ परमेश्वरको सृष्टि हो। यो एउटा सुन्दर कुरा हो। तर रूख हुन र फल फल्नका लागि यो मर्नुपर्छ। त्यसैले यो हाम्रो लागि परमेश्वरलाई सोध्नु साँच्चै फाइदाजनक प्रश्न हुन्छ, "के मेरो सेवकाईमा, ममा मर्नुपर्ने कुनै यस्तो यस्तो कुरा छ, जसको कारण जे हुनुपर्छ त्यो हुन सक्ने ऋतु(समय) आउन सकोस्?"

येशूले आफ्ना चेलाहरूलाई हरसमय तिनीहरूको सोच(मानसिकता)को बारेमा यो कुरा सिकाउनुभयो। हामीले सोध्न यो एउटा यस्तो प्रश्न हो जसले हामीलाई नयाँ वास्तविकतातर्फ बढ्न सहायता गर्दछ। तपाईं जान्नुहुन्छ, कुनै पनि कुरा एकै पुस्ताको अवधिमा क्रान्तिकारीबाट परम्परागत कुरातिर लाग्न सक्छ।

अनि दर्शनलाई परमेश्वरको रचनात्मकताको आवश्यकता हुन्छ। यो कुरा म यसरी भन्दछु। के तपाईं जुन परिवर्तन हुनु आवश्यक छ त्यसको नेतृत्व गर्नुहुन्छ कि आवश्यक परिवर्तनलाई पछ्याउनुहुन्छ? यो सबै क्षेत्रमा हुन्छ। यो मानिसहरूको साथमा हुन्छ। एक समय थियो, जब मण्डलीले महिलाहरूलाई सेवामा केही गर्न दिनुहुँदैन भनी सोच्थ्यो।

परमेश्वरलाई एउटा यस्तो नयाँ वास्तविकता चाहिएको थियो जसले सेवकाईमा महिलाहरूको कद(महत्व) र वरदानहरूलाई बढाउँथ्यो। एक समय थियो जब मण्डली टेक्नोलजी र त्यसको प्रयोगमा धेरै सुस्त थियो।

परमेश्वरलाई एउटा नयाँ यस्तो वास्तविकता चाहिएको थियो र हामी सुसमाचारका लागि टेक्नोलजी कसरी प्रयोग गर्न सक्छौं भन्ने कुरामा प्रगति भयो। यस्तो हुनका निम्ति एक पुस्ता मात्र चाहिन्छ। हुन सक्छ, तपाईंहरूमध्ये कसै-कसैका लागि केही वर्ष अघिसम्म नयाँ र नौलो लागेका कुराहरू अब परम्परागत भएका छन्।

अनि परमेश्वर भनिरहनुभएको छ, "के त्यहाँ कुनै कार्यक्रम, कुनै सोच, कुनै दृष्टिकोण, कुनै तरिका छ, जुन मर्नु आवश्यक छ र तिमीहरू अगि बढन सक्छौ?" त्यसो गरेर तपाईं परिवर्तनलाई पछ्याइरहनु भएको मात्र हुँदैन, तर तपाईं परिवर्तनको नेतृत्व गरिरहनुभएको हुन्छ। वास्तवमा तपाईं परमेश्वरले गर्न चाहनुभएको कार्यको अग्रपंक्तिमा हुनुहुन्छ, किनकि तपाईंको दर्शनका लागि तपाईंसँग एउटा नयाँ वास्तविकता छ। अहिले म बुझ्छु, पत्रुसले जे भने त्यो एउटा महत्त्वपूर्ण भनाइ हो। यो एउटा यस्तो भनाइ हो जुन हामीले हरेक दिन होइन, हरेक समयमा भन्न सक्नुपर्छ।

अहिले म महसुस गर्छु। मैले पहिले बुझ्न सकेको थिइनँ। मैले पहिले देखेको थिइनँ। मैले बुझेको थिइनँ, तर अब म बुझ्छु, किनकि मैले आफूलाई फेरि कर्नेलियसको घरमा राखेको छु। मैले आफूलाई त्यहाँ राखेको छु। जे भइरहेको छ त्यो सबै मलाई थाहा छैन, तर म त्यो नयाँ वास्तविकता चाहन्छु।

यहाँ तेस्रो प्रश्न छ, जुन तपाईंले आफैलाई सोध्नुपर्छ। तपाईंले पछिल्लो समय येशूबाट कुनै नयाँ कुरा थाहा पाउनुभएको थियो? तपाईं देख्नुहुन्छ, जब हामी नयाँ वास्तविकताहरूको बारेमा सोच्दछौं, हामी सधैं कार्यक्रम, सेवकाई र दर्शनको सन्दर्भमा मात्र ती कुराको बारेमा सोच्दछौं, तर नयाँ वास्तविकता भनेको यस्तो कुरा हो जुन तपाईंको हृदयमा हुन्छ।

पत्रुस भन्छन्, "साँच्ची नै म देख्तछु।"

मैले यो कुरा बुझें। त्यहाँ एउटा अचम्मको घटना छ, जुन बेला पत्रुस चेलाहरूको साथमा डुङ्गामा थिए, अनि त्यहाँ ठूलो आँधीबेहरी आउँछ र येशूचाहिँ डुङ्गाको पछिल्लो भागमा सुतिरहनुभएको थियो र तिनीहरू डराएर उहाँकहाँ जान्छन्। तिनीहरूले उहाँ को हुनुहुन्छ भनेर पूर्ण रूपमा बुझ्दैनन् र उहाँ सुतिरहनुभएको छ र तिनीहरू निश्चय मर्नेछन् भनी सोच्छन्। तिनीहरूले उहाँलाई उठाउँछन् र भन्छन्, "गुरुज्यू हामी डुब्न लाग्यौं भन्ने के तपाईंलाई वास्ता छैन?" तिनीहरू उहाँले वास्तवमा तिनीहरूलाई कति महत्त्व दिनुहुन्छ भनी सोधिरहेका थिए। तिनीहरू डर र त्रासले भरिएका थिए। येशू उठ्नुहुन्छ र उहाँले छालहरू र आँधीबेहरीलाई शान्त पार्नुहुन्छ र प्रकृतिले उहाँको आज्ञा पालन गर्छ। चेलाहरूले यो धेरै महत्त्वपूर्ण प्रश्न सोधेपछि विवरण समाप्त हुन्छ।

तिनीहरू भन्छन्,"यिनी को हुन्?"

यिनी को हुन्? उहाँसँगको अनुभवले तिनीहरूलाई यति धेरै हल्लायो कि त्यो घटना एउटा प्रश्नसहित समाप्त हुँदछ। तपाईंको सेवकाई, तपाईंको जीवनमा पछिल्लो समय कहिले प्रभुसँग त्यस्तो अनुभव प्राप्त गर्नुभएको थियो जसको अन्त्यमा यस्तो प्रश्न गर्नुभएको थियो, "यो मानिस को हुन्? मैले सोचेको थिएँ, म उहाँलाई चिन्छु। मैले सोचेको थिएँ, म येशूलाई चिन्छु। मैले सोचेको थिएँ, म उहाँ र सेवकाईको बारेमा जान्न पर्ने सबै कुरा जान्दछु, र उहाँले मलाई यो अनुभवमा डोऱ्याउनुहुन्छ। अनि अहो, यी मानिस को हुन्?

मलाई लाग्छ, हाम्रो जीवन र हाम्रो नेतृत्वमा सधैं त्यो प्रश्न बोकेर हिंड्नुपर्छ, ताकि जसरी प्रभुले पत्रुसलाई कर्नेलियसको घरमा एउटा नयाँ वास्तविकतामा डाऱ्याउनुभयो त्यसरी उहाँले हामीलाई पनि नयाँ वास्तविकतामा डाऱ्याउने मौका पाऊन्, र हामी येशूको नयाँ प्रकाश पाउन सकौं। अनि हामी त्यही प्रश्न गर्छौं, "यी मानिस को हुन्?" परमेश्वरले तपाईंलाई जुन नयाँ वास्तविकताभित्र लैजानुहुन्छ त्यसले तपाईंलाई जीवनभर बोक्नेछ।

अनि उहाँले हामीलाई सिकाउनुहुन्छ कि पत्रुसलाई रोममा मूर्तिपूजकहरूसँग शहीद बनाइएको थियो।

एक यहूदीको रूपमा जीवन सुरु गर्ने पत्रुस सुरुमा यरूशलेममा मात्र थिए र यहूदीहरूलाई सुसमाचार प्रचार गर्दागर्दै तिनी कर्नेलियसको घरमा जान्छन् र जसले यस्तो जीवन्त अनुभव गर्छन् कि तिनको ध्यान कर्नेलियस र उनको घरानाको उद्धारमा मात्र केन्द्रित नभएर पत्रुसमा हुन्छ, जसले भन्छन्, "साँच्ची नै  यो सत्य हो भनी म देख्तछु।" अनि त्यसपछि पत्रुसका लागि उहाँले खाली ठाउँ भर्नुहुन्छ।

तपाईं त्यो खाली ठाउँ कसरी भर्नुहुन्छ?

आफूलाई फेरि त्यो स्थानमा राख्ने आधारमा, आफैलाई यो प्रश्न सोध्नुहोस्, "म के सोचिरहेको छु?" त्यो गलत हुन सक्छ, तर मलाई लाग्छ कि यो सही छ, त्यसरी त्यो एउटा बाधा हुन्छ। हे परमेश्वर, के तपाईं मलाई कुनै नयाँ वास्तविकता, नयाँ प्रकाश देखाउन चाहनुहुन्छ?

आफैलाई यो प्रश्न सोध्नुहोस्, "कुन कुरा मर्नु आवश्यक छ?" अनि पवित्र आत्माले तपाईंलाई मार्गदर्शन दिनुहुनेछ अनि कठिन र जोखिम हुन सक्छ, किनकि तपाईं सेवकाई र कार्यक्रम लिइरहनुभएको छ र यहाँसम्म कि तपाईंको जीवनका केही भागहरू हेर्दै हेरिरहनुभएको हुन्छ, "ठीक छ, यो मर्नु आवश्यक छ र त्यसले मलाई नयाँ वास्तविकतामा पुऱ्याउनेछ।" अनि त्यसपछि एकदमै इमानदार प्रश्न सोध्नुहोस्,

"एक अगुवाको रूपमा सेवकाईमा पछिल्लो समय प्रभुसँग मेरो यस्तो नयाँ वास्तविकताको अनुभव कहिले भएको थियो, जुन क्षण मेरो प्रतिक्रिया, "यी मानिस को हुन्" भन्ने थियो? येशूको बारेमा पत्ता लगाउन पर्ने धेरै कुराहरू छन्, उहाँ तपाईंलाई अझ धेरै प्रकाश दिन चाहनुहुन्छ, तर पत्रुसजस्तै, तपाईं कर्नेलियसको घरमा जानुपर्छ। यदि तपाईंको हृदय यसका लागि खुल्ला छ भने, म तपाईंलाई प्रेरित १० अध्यायमा पत्रुस र कर्नेलियसको कथा पढने उत्साह दिन्छु। यसले देखाउँछ कि परमेश्वरले तपाईंलाई ती चरणहरूबाट भएर अगि बढाउनुहुनेछ। पत्रुस बिनासित्तै कर्नेलियसको घरमा दौडेर गएनन्। तिनीसँग एउटा दर्शन थियो र तिनीसँग एउटा वचन थियो, र त्यसपछि तिनीकहाँ आगन्तुकहरू आए र तिनलाई निम्तो दिए, र त्यो कुरा परमेश्वरले कर्नेलियससँग बोल्नुभएको वचनसँग मिल्यो। त्यसैले यी सबै घटनाहरू एकसाथ मिलिरहेका थिए, तर तिनीहरू केवल तब मात्र मिल्छन् जब तपाईं पत्रुसले सुरु गरेको ठाउँबाट सुरु गर्नुहुन्छ, छानुमा, प्रार्थना गर्दै, र तपाईंलाई एउटा दर्शन दिने अनुमति परमेश्वरलाई दिनुहुन्छ। यदि तपाईंको हृदय परमेश्वरमा रहेको छ भने, म एउटा नयाँ वास्तविकता चाहन्छु। म मेरो जीवन, मेरो सेवकाई  र मेरो विश्वास तीन वर्ष अघि जस्तो थियो आज त्यस्तै देखियोस् भन्ने चाहन्नँ।

यदि तपाईं मैले बताएको ती पास्टरजस्तै मसँग चिया पिउन बस्नुभयो भने, के तपाईं मलाई भन्न सक्नुहुन्छ कि तपाईंमा र तपाईंद्वारा कति परिवर्तन आएको छ? के तपाईं पत्रुसले जस्तै “अब मलाई यो कति सत्य छ भन्ने थाहा भयो” भन्न सक्नुहुन्छ? त्यसपछि तपाईं खाली ठाउँ भर्न सक्नुहुन्छ। परमेश्‍वरले तपाईंलाई तपाईंको सेवकाई र नेतृत्वका लागि एउटा नयाँ वास्तविकता दिन चाहनुहुन्छ, तर तपाईंका लागि पनि दिनुहुन्छ, अनि तपाईंले पत्रुसले प्राप्त गरेका अनुभव प्राप्त गरेपछि, तपाईंको प्रतिक्रिया “यी मानिस को हुन्?” भन्ने हुनेछ।

अनि तपाईंमा येशूलाई अझ धेरै जान्ने चाहना हुनेछ, किनकि उहाँले तपाईंको दर्शनका लागि तपाईंलाई अझ धेरै नयाँ वास्तविकताहरूमा डोर्‍याइरहनु हुन्छ।